# ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि.

# GRAMEEN BIKAS LAGHUBITTA BITTIYA SANSTHA LTD.




• कार्यक्रम पुगेका जिल्ला

# 7th ANNUAL REPORT

F.Y. 2020/21

# सातौं वार्षिक प्रतिवेदन

आ.व. २०७७/७८

# ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि.

## सञ्चालक समिति



**धन बहादुर बरुवाल**
अध्यक्ष



**रञ्जना पण्डित पौडेल**
सञ्चालक



**लेखनाथ भुसाल**
सञ्चालक



**शिवहरी दंगाल**
सञ्चालक



**मनोज कुमार खडका**
सञ्चालक



**भरतराज कोइराला**
सञ्चालक



**श्याम कुमार कटुवाल**
का.मु. प्रमुख कार्यकारी अधिकृत

# प्रतिनिधि (प्रोक्सी) फारम

## कम्पनी ऐन, २०६३ को दफा ७१ को उपदफा (३) सँग सम्वन्धित

श्री सञ्चालक समिति
ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि.
प्रधान कार्यालय, बुटवल, रुपन्देही

### विषयः प्रतिनिधि (प्रोक्सी) नियुक्ती गरेको बारे ।

महाशय,

................................ जिल्ला ...................................... म.न.पा./उ.म.न.पा./गा.पा. वडा नं. ...... बस्ने म/हामी ............................................. ले त्यस वित्तीय संस्थाको शेयरधनीको हैसियतले वि.सं. २०७८ साल फागुन २८ गते शनिबारका दिन हुने सातौं वार्षिक साधारण सभामा म/हामी स्वयं उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकोले उक्त सभामा मेरो/हाम्रो तर्फबाट भाग लिन तथा मतदान गर्नका लागि .........................जिल्ला .............................. म.न.पा./उ.म.न.पा./गा.पा. वडा नं. ..... बस्ने त्यस वित्तीय संस्थाका शेयरधनी श्री ............................................ लाई मेरो/हाम्रो प्रतिनिधि मनोनित गरी पठाएको छु/छौं ।

**प्रतिनिधि नियुक्त भएको व्यक्तिको :**
दस्तखत :
नाम :
ठेगाना :
शेयरधनी नं. :
शेयर प्रमाण पत्र नं. :
शेयर कित्ता संख्या :
हितग्राही परिचय नं. :
मिति :

**निवेदक**
दस्तखतः
नाम :
ठेगाना :
शेयरधनी नं. :
शेयर प्रमाण पत्र नं. :
शेयर कित्ता संख्या :
हितग्राही परिचय नं. :
मिति :

**द्रष्टब्यः** यो निवेदन साधारण सभा हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै संस्थाको प्रधान कार्यालयमा पेश गरिसक्नु पर्नेछ । प्रतिनिधि मुकरर शेयरधनी बाहेक अरुलाई गर्न पाइने छैन ।


.....................................
**कम्पनी सचिवको दस्तखत**

---

## प्रवेश-पत्र

वि.सं. २०७८ साल फागुन २८ गते शनिवारका दिन हुने ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि.को सातौं वार्षिक साधारण सभामा उपस्थित हुन जारी गरिएको प्रवेश-पत्र ।

प्रतिनिधि नियुक्त भएको व्यक्तिको शेयरधनी नं./ हितग्राही परिचय नं. : ....................................
शेयरधनीको नाम : श्री ..........................................................
शेयर कित्ता संख्या : ........................

| | | |
|---|---|---|
| ................................ | .............................. | .............................. |
| प्रतिनिधि नियुक्त हुने शेयरधनीको दस्तखत | कम्पनी सचिवको दस्तखत | संस्थाको छाप |

**द्रष्टव्यः** सभामा सहभागी हुन यो प्रवेश-पत्र अनिवार्य रुपमा पेश गर्नुपर्ने छ ।

# ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लिमिटेड

## प्रधान कार्यालय बुटवल

## सातौं वार्षिक साधारण सभा सम्बन्धी अत्यन्त जरुरी सूचना

(प्रथम पटक प्रकाशित मिति २०७८/११/०६)

यस संस्थाको मिति २०७८/११/०२ गते बसेको सञ्चालक समितिको १९० औं बैठकको निर्णयानुसार संस्थाको सातौं वार्षिक साधारण सभा देहायका विषयमा छलफल तथा निर्णय गर्न निम्न मिति, समय र स्थानमा भर्चुअल माध्यमबाट सञ्चालन हुने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिका लागि कम्पनी ऐन, २०६३ को दफा ६७ तथा संस्थाको नियमावलीको नियम ४ बमोजिम यो सूचना प्रकाशित गरिएको छ ।

**साधारण सभा हुने मिति, समय र स्थानः**

मितिः २०७८ फागुन २८ गते शनिबार, तदनुसार मार्च १२, २०२२

समयः बिहान ११:०० बजे ।

स्थानः ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लिमिटेडको प्रधान कार्यालय बुटवल
(साधारण सभा विद्युतीय/भर्चुअल/(Zoom) माध्यमबाट सञ्चालन हुनेछ) ।

विश्वव्यापी रुपमा फैलिएको कोभिड–१९ को जोखिमबाट सुरक्षित हुन नेपाल सरकारले जारी गरेको स्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्ड र सीमाभित्र रहनु पर्ने अवस्थाका कारण साधारण सभामा प्रस्तुत हुने विषयहरु उपर छलफल गर्न सूचना प्रविधिको प्रयोग गरी विद्युतीय/भर्चुअल/(Zoom) माध्यमबाट सहभागी हुन अनुरोध छ । साथै, साधारण सभाको भर्चुअल मिटिङ्गको लिङ्क शेयरधनी महानुभावहरुले उपलब्ध गराएको ईमेल ठेगानामा पठाइनेछ ।

**छलफलका विषयसूचीहरुः**

**(क) साधारण प्रस्तावः**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षले संस्थाको आर्थिक वर्ष २०७७/७८ को वार्षिक प्रतिवेदन प्रस्तुत गर्ने र सो प्रस्ताव उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७८आषाढ मसान्तको वासलात, आर्थिक वर्ष २०७७/७८ को वार्षिक वित्तीय विवरण, नाफा/नोक्सान हिसाव तथा नगद प्रवाह विवरण (अनुसूची सहित) उपर छलफल गरी पारित गर्ने ।

३ बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण गर्न लेखापरीक्षण समितिबाट सिफारिस भए बमोजिम लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

**(ख) विशेष प्रस्तावः**

१. यस संस्थाको प्रवन्ध-पत्र तथा नियमावलीमा समसामयिक विषयमा संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

२. ग्रामीण विकास लघुवित्त वित्तीय संस्था र अन्य कुनै लघुवित्त वित्तीय संस्था एक आपसमा गाभ्ने /गाभिने (Merger) तथा प्राप्ति (Acquisition) गर्ने प्रयोजनका लागि मर्जर समिति गठन गर्ने, उपयुक्त लघुवित्त वित्तीय संस्थाको पहिचान गर्ने, सहमति पत्र (Memorandum of Understanding) मा हस्ताक्षर गर्ने र सोको आधारमा सैद्धान्तिक स्वीकृतिका लागि नेपाल राष्ट्र बैंकमा निवेदन दिने, सम्पत्ति तथा दायित्वको मूल्याङ्कन (Due Diligence Audit)गर्न परामर्शदाता, मूल्याङ्कनकर्ता, लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने एवम् अन्य वित्तीय संस्थाहरुको शाखाहरु खरिद तथा प्राप्ति गर्ने लगायतका कार्यहरुसँग सम्वन्धित आवश्यक सम्पूर्ण कार्यहरु गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्वन्धमा ।

३. नेपाल राष्ट्र बैंक तथा अन्य नियमनकारी निकायको निर्देशन लगायत अन्य कारणले संस्थाको प्रबन्ध पत्र तथा नियमावलीमा कुनै संशोधन परिमार्जन थपघट वा परिवर्तन गर्नु पर्ने अवस्था भएमा सो सम्बन्धी सम्पूर्ण कार्य गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्वन्धमा ।

**(ग) विविधः**

नेपाल सरकार, अर्थ मन्त्रालयसँग सहुलियतपूर्ण ऋणका लागि अनुरोध गर्ने सम्बन्धमा ।

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

## साधारण सभा सम्वन्धी अन्य जानकारीः

१. वार्षिक साधारण सभा प्रयोजनको लागि मिति २०७८/११/१७ देखि मिति २०७८/११/ २८ गतेसम्म संस्थाको शेयरधनी दर्ता किताव बन्द रहनेछ ।

२. मिति २०७८/११/१६ गतेसम्म नेपाल स्टक एक्सचेन्ज लि. मा कारोबार भई शेयर नामसारी भएका शेयरधनीहरूले मात्र संस्थाको सातौं वार्षिक साधारण सभामा सहभागी हुन पाउनेछन् ।

३. विश्वव्यपी रूपमा फैलिएको कोभिड-१९ को संक्रमण रोकथाम र नियन्त्रणको लागि नेपाल सरकारले जारी गरेको स्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्डको पालना गरी संस्थाको साधारण सभा सम्पन्न गर्न विद्युतीय/भर्चुअल (Zoom) माध्यमबाट सभामा सहभागी भइदिनुहुन शेयरधनी महानुभावहरूमा अनुरोध छ ।

४. विद्युतीय/भर्चुअल (Zoom) माध्यम मार्फत सहभागी हुन शेयरधनी महानुभावहरूलाई संस्थाको तर्फबाट User ID र Password उपलब्ध गराइनेछ ।

५. साधारण सभा शुरू हुनुभन्दा एक घण्टा अगावै विद्युतीय/भर्चुअल (Zoom) प्रणाली खुल्ला गरिनेछ । सो समय अगावै सभामा सहभागी हुन चाहने शेयरधनीहरूले संस्थाबाट प्रदान गरिएको User ID र Password को माध्यमबाट Login गरी आफ्नो परिचय, शेयरधनी नं./हितग्राही  खाता नं. र शेयर संख्या सहित उपस्थितिको जानकारी सभा समक्ष गराउनु पर्नेछ ।

६. भर्चुअल माध्यमबाट सहभागी शेयरधनीहरूको हाजिरी निजहरूले गरेको Login मार्फत Login भएको देखिने गरी प्रमाणका निमित्त फोटो खिचेर तथा सभा संचालन अवधिभरको भिडियो रेकर्ड गरेर राखिनेछ । यस किसिमको उपस्थितिलाई सभा हलमा उपस्थित भए सरहको मान्यता दिइनेछ ।

७. विद्युतीय/भर्चुअल (Zoom) माध्यमबाट आफ्नो मन्तव्य राख्न चाहने शेयरधनी महानुभावहरूले agm@gblbs.com.np मा इमेल गरी साधारण सभा शरू हुनुभन्दा ४८ घण्टा अगावै आफ्नो नाम टिपाउनु पर्नेछ ।

८. शेयरधनी महानुभावहरूले छलफलका विषयहरू मध्ये विविध शीर्षक अन्तर्गत वित्तीय संस्था सम्वन्धी केही जिज्ञासा भए साधारण सभा हुनुभन्दा ७ दिन अगावै कम्पनी सचिवको इमेल मार्फत सञ्चालक समितिका अध्यक्षलाई लिखित रूपमा दिनु पर्नेछ । साधारण सभामा सहभागी हुनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरूले संस्थाको अर्को शेयरधनीलाई तोकिएको ढाँचा (प्रोक्सी नियुक्तिको निवेदनको ढाँचा संस्थाको वेबसाइटमा राखिएको छ) बमोजिमको प्रोक्सी फाराम भरी प्रतिनिधि नियुक्त गरी सभा सुरू हुनुभन्दा कम्तीमा ४८ घण्टा आगावै अर्थात मिति २०७८/११/२६ गते बिहान ११:०० बजेभित्र संस्थाको प्रधान कार्यालय, बुटवलमा दर्ता गराई सक्नु पर्नेछ ।

९. संस्थाको शेयरधनी बाहेक अरूलाई प्रतिनिधि (प्रोक्सी) मुकरर गर्न र एकभन्दा बढी व्यक्तिलाई आफ्नो शेयर विभाजन गरी तथा अन्य कुनै किसिमबाट छुट्याई प्रतिनिधि (प्रोक्सी) मुकरर गर्न पाइने छैन, त्यस्तो प्रतिनिधि (प्रोक्सी) स्वतः बदर हुनेछ । रितपूर्वक नियुक्त भएको प्रतिनिधि (प्रोक्सी) लाई मात्र सभामा सहभागी गराइने छ ।

१०. संयुक्त रूपमा शेयर खरिद गरेको अवस्थामा शेयर लगत कितावमा पहिले नाम उल्लेख भएको व्यक्ति वा सर्वसम्मत रूपमा नियुक्त गरिएको एक व्यक्तिले मात्र सभामा भाग लिन पाउनेछन् ।

११. संरक्षक रहनु भएका शेयरधनी महानुभावहरूको तर्फबाट यस संस्थाको शेयर लगत कितावमा संरक्षकको रूपमा नाम भएको व्यक्तिले मात्र सभामा भाग लिन वा प्रतिनिधि नियुक्त गर्न पाउनेछन् ।

१२. संगठित संस्थाका शेयरधनी भएमा त्यस्ता संगठित संस्थाहरूद्वारा मनोनित व्यक्तिले ल्याउने प्रतिनिधि (प्रोक्सी) फाराममा संस्थाको छाप भएको हुनु पर्नेछ ।

१३. विद्युतीय/भर्चुअल (Zoom) माध्यमबाट वार्षिक साधारण सभामा भाग लिदा/प्रोक्सी दर्ता गर्दा आफ्नो परिचय  खुल्ने प्रमाणपत्र अनिवार्य  रूपमा पेश गर्नु पर्नेछ ।

१४. शेयरधनी महानुभावहरूले कम्पनी ऐन,२०६३ अनुसारको लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व.२०७७/७८को वार्षिक वित्तीय विवरण, संचालक समितिको प्रतिवेदन तथा वार्षिक साधारण सभा सम्वन्धी अन्य जानकारीहरू संस्थाको वेबसाइट www.gblbs.com.np बाट प्राप्त गर्न सकिनेछ ।

१५. शेयरधनी महानुभावहरूले संस्थाका कम्पनी सचिवको इमेल katuwalshyam63@gmail.com मार्फत समेत आफ्नो सुझाव तथा जिज्ञासा राख्न सक्नु हुनेछ ।

१६. साधारण सभामा सहभागी भए बापत कुनै किसिमको  खर्च रकम संस्थाले प्रदान गर्ने छैन । साधारण सभा सम्बन्धी अन्य जानकारी आवश्यक भएमा कार्यालय समयभित्र संस्थाको प्रधान कार्यालयको फोन नं.०७१-४३८९५२/४३८९५१ मा सम्पर्क राख्न सकिनेछ ।

# विषयसूची


| क.सं. | शीर्षक | पेज नं. |
|---|---|---|
| १. | प्रतिनिधि (प्रोक्सी) फाराम | क |
| २. | सातौं वार्षिक साधारण सभा सम्बन्धी सूचना | ग |
| ३. | साधारण सभा सम्बन्धी थप जानकारी | घ |
| ४. | संक्षिप्त चिनारी | १-३ |
| ५. | सञ्चालक समितिको तर्फबाट अध्यक्षद्वारा प्रस्तुत वार्षिक प्रतिवेदन | ४-१२ |
| ६. | सञ्चालक समितिको प्रतिवेदनमा हुनुपर्ने अन्य विवरणहरु | १३-१४ |
| ७. | लेखापरीक्षकको प्रतिवेदन | १५-१७ |
| ८. | वासलात | १८ |
| ९. | नाफा नोक्सान हिसाब | १९ |
| १०. | नाफा नोक्सान बाँडफाँड हिसाब | २० |
| ११. | इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण | २१ |
| १२. | नगद प्रवाह विवरण | २२-२३ |
| १३. | अनुसूचीहरु (४.१ देखि ४.२५ सम्म) | २४-५२ |
| १४. | प्रमुख लेखा नीतिहरु | ५३-५५ |
| १५. | लेखा सम्बन्धी टिप्पणीहरु | ५६-५९ |
| १६. | अनुसूची ४.२८ | ६० |
| १७. | अनुसूची ४.२९ | ६१-६२ |
| १८. | नेपाल राष्ट्र बैंकबाट प्राप्त स्वीकृति पत्र | ६३ |
| १९. | प्रधान कार्यालयमा कार्यरत कर्मचारीहरुको विवरण | ६४-६५ |
| २०. | प्रदेश कार्यालय र मातहतका कार्यालय तथा कार्यलय प्रमुखहरूको विवरण | ६५-७१ |
| २१. | संगठनात्मक संरचना | ७२ |
| २२. | टिप्पणी | ७३-७५ |

# ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि.

## संक्षिप्त चिनारी

### १. पृष्ठभूमी

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन,२०७३ अन्तर्गत नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त यो संस्था नेपाल सरकार र नेपाल राष्ट्र बैंक समेतको सहभागितामा स्थापना भएको राष्ट्रियस्तरको लघुवित्त वित्तीय संस्था हो । साविकका क्षेत्रीय स्तरका पाँचवटा ग्रामीण विकास बैंकहरू मर्जर भई बनेको राष्ट्रियस्तरको “घ” वर्गको यस ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लिमिटेडले मिति २०७१ साउन ३० गते देखि एकिकृत वित्तीय कारोवार शुरु गरी लघुवित्त सेवा उपलब्ध गराएको छ। संस्थाले हालसम्म सातै प्रदेशमा १८९ शाखा कार्यालय मार्फत ५७ जिल्लाका ३६९ स्थानीय तहमा लघुवित्त सेवा पुऱ्याउन सफल भएको छ। बुटवल उप-महानगरपालिका वडा नं.-१०, कालिकानगर, रुपन्देहीमा संस्थाको प्रधान कार्यालय र विराटनगर, जनकपुर, हेटौंडा, पोखरा, नेपालगञ्ज, सुर्खेत र धनगढीमा प्रदेश कार्यालय रहेका छन्। संस्थाले देशको ग्रामीण दूरदराजमा रहेका विपन्न तथा पिछडिएका वर्गमा वित्तीय पहुँच पुऱ्याई उनीहरूको आर्थिक तथा सामाजिक क्षेत्रको सवलिकरण र गरिबी न्यूनीकरणमा सहयोग पुऱ्याउँदै आइरहेको छ।

### २. २०७८ पौष मसान्तसम्म कार्यक्रम विस्तार भएका जिल्लाहरूः-

**क) प्रदेश नं.१, विराटनगर** : झापा, मोरङ्ग, सुनसरी, उदयपुर, ताप्लेजुङ्ग, भोजपुर

**ख) मधेश प्रदेश, जनकपुर** : धनुषा, सप्तरी, सिराहा, महोत्तरी, सर्लाही, रौतहट, वारा, पर्सा

**ग) वागमती प्रदेश, हेटौंडा** : मकवानपुर, चितवन, धादिङ्ग, नुवाकोट, काठमाडौं, भक्तपुर, ललितपुर, काभ्रेपलाञ्चोक

**घ) गण्डकी प्रदेश, पोखरा** : नवलपुर, स्याङजा, कास्की, तनहुँ, लमजुङ, गोरखा, वागलुङ, म्याग्दी, पर्वत

**ङ) लुम्बिनी प्रदेश, नेपालगञ्ज** : दाङ्ग, बाँके, बर्दिया, रोल्पा, प्युठान, रुपन्देही, कपिलवस्तु, नवलपरासी, पाल्पा, गुल्मी, अर्घाखाँची,

**च) कर्णाली प्रदेश, सुर्खेत** : सुर्खेत, सल्यान, दैलेख, रुकुम (पश्चिम), जुम्ला

**छ) सुदूरपश्चिम प्रदेश, धनगढी** : कैलाली, कञ्चनपुर, डोटी, डडेलधुरा, वैतडी, बझाङ, दार्चुला, बाजुरा, अछाम

**३. कार्यालय संख्या** : १९७ (प्रधान कार्यालय समेत)

**४. वर्तमान पुँजी संरचना** :

| | |
|---|---|
| अधिकृत पुँजी | रू. १ अर्ब ५० करोड |
| जारी पुँजी | रू. ९८ करोड २५ लाख |
| चूक्ता पुँजी | रू. ९८ करोड २५ लाख |

### ५. शेयर संरचना विवरण :

| संख्या | समूह ‘क’/ संस्थापक संस्थाको नाम | कायम रहेको शेयर कित्ता | शेयर प्रतिशत |
|---|---|---|---|
| १ | नेपाल सरकार | २९६३७०५ | ३०.१६५ |
| २ | नेपाल राष्ट्र बैंक | २७४९८२ | २.७९९ |
| ३ | नेपाल बैंक लिमिटेड | ६७७५५१ | ६.८९६ |
| ४ | राष्ट्रिय वाणिज्य बैंक | २२५४९४ | २.२९५ |
| ५ | हिमालयन बैंक लिमिटेड | १४३९९४ | १.४६६ |
| ६ | नेपाल बंगलादेश बैंक लिमिटेड | १४५२१५ | १.४७८ |

| संख्या | समूह 'क'/ संस्थापक संस्थाको नाम | कायम रहेको शेयर कित्ता | शेयर प्रतिशत |
|---|---|---|---|
| ७ | नेपाल इनभेष्टमेण्ट बैंक लिमिटेड | ७२८९८ | ०.७४२ |
| ८ | नबिल बैंक लिमिटेड | ८०४५३ | ०.८१९ |
| ९ | स्ट्याण्डर्ड चार्टड बैंक नेपाल लि. | ६०० | ०.००६ |
| १० | नेपाल एस.वि.आई बैंक लिमिटेड | १३९२१५ | १.४१७ |
| ११ | कृषि विकास बैंक लिमिटेड | १०४७ | ०.०११ |
| १२ | बैंक अफ काठमाण्डु लिमिटेड | १०४७ | ०.०११ |
| १३ | पिपुल्स इनभेष्टमेण्ट कम्पनी लिमिटेड | १००५०१२ | १०.२२९ |
| १४ | एन.सी.सी. बैंक लिमिटेड | २३३ | ०.००२ |
| १५ | संस्थाका शेयर सदस्य र कर्मचारीहरु | ८१२८३२ | ८.२७३ |
| १६ | एच.पि. अग्रवाल एण्ड कम्पनी | ४१९८ | ०.०४३ |
| १७ | बन्दीकापुर ब.सहकारी संस्था | १२२८७ | ०.१२५ |
| १८ | अन्य व्यक्ति/संस्था | ३०७६९८ | ३.१३१ |
| | जम्मा | ६८६८४६१ | ६९.९०८ |
| | समूह 'ख'/सर्वसाधारण | २९५६५३९ | ३०.०९२ |

## ६. कर्जा शीर्षक:

| क्र.सं. | कर्जाका प्रकार | धितोको प्रकार | कर्जाको सीमा | लक्षित वर्ग |
|---|---|---|---|---|
| १ | लघु व्यवसाय कर्जा | विना धितो | रू. ५ लाखसम्म | समूहमा आवद्ध सदस्यहरु |
| २ | लघु उद्यम कर्जा (क) | स्वीकारयोग्य धितो | रू. १५ लाखसम्म | समूहमा आवद्ध सदस्यहरु |
| ३ | लघु उद्यम कर्जा (ख) | स्वीकारयोग्य धितो | रू. १५ लाखसम्म | समूह बाहिरका एकल सदस्यहरु |
| ४ | नवीकरणीय उर्जा कर्जा | विना धितो/ स्वीकारयोग्य धितो | रू. २ लाखसम्म | समूह तथा समूह बाहिरका एकल सदस्यहरु |
| ५ | बैदेशिक रोजगार कर्जा | स्वीकारयोग्य धितो | रू. १ लाख ५० हजारसम्म | समूह बाहिरका एकल सदस्यहरु |
| ६ | विशेष सदस्य कर्जा | विना धितो | रू. ५ लाखसम्म | समूहमा आवद्ध पुरूष सदस्यहरु |
| ७ | आवास कर्जा | विना धितो/ स्वीकारयोग्य धितो | रू. ५ लाखसम्म | समूहमा आवद्ध सदस्यहरु |

## ७. बचत शीर्षक:

| क्र.सं. | बचतका प्रकार | बचतकर्ता |
|---|---|---|
| १ | समूह बचत | समूह सदस्यहरु |
| २ | व्यक्तिगत बचत | समूह सदस्य तथा अन्य धितो ऋणीहरु |
| ३ | वाल शिक्षा क्रमिक बचत | समूह सदस्यहरु |
| ४ | विशेष ग्रामीण बचत | समूह सदस्य वाहेकका धितो ऋणी सदस्यहरु |
| ५ | पेन्सन बचत | समूह सदस्यहरु |
| ६ | ग्रामीण उपकार बचत | समूह सदस्यहरु |

## ८. राहत कार्यक्रमः

| क्र.सं. | राहत कार्यक्रम | सुविधा |
|---|---|---|
| १ | प्रसुती खर्च | समूह सदस्य सुत्केरी भएमा बढीमा दुई पटकसम्म । |
| २ | किरीया खर्च | समूह सदस्यको श्रीमानको मृत्यु भएमा । |
| ३ | औषधी उपचार खर्च | समूह सदस्य अस्पतालमा भर्ना भई उपचार गर्नु परेमा । |
| ४ | पुनर्स्थापना खर्च | प्राकृतिक प्रकोपका कारण समूह सदस्यहरुको घरबास/परियोजना क्षति हुन गएमा । |
| ५ | शिक्षामा प्रोत्साहन खर्च | समूह सदस्यका छोराछोरीहरु मध्ये निजी र सामुदायिक विद्यालयबाट SEE परीक्षामा अधिकतम प्राप्ताङ्क हासिल गर्नेलाई । |
| ६ | कर्जाको क्षतिपूर्ति सम्बन्धी खर्च | समूह सदस्यको मृत्यु भएमा निजले संस्थालाई तिर्न बाँकी मध्ये नियमानुसारको रकम । |

## ९. ग्राहक सदस्यहरूको क्षमता अभिवृद्धि तथा केन्द्रको भौतिक पूर्वाधार विकासः

| | |
|---|---|
| १ | तालीम, गोष्ठी, अवलोकन भ्रमण |
| २ | वित्तीय साक्षरता |
| ३ | उद्यमशीलता अभिवृद्धि कार्यक्रम |
| ४ | केन्द्रघर निर्माण तथा भौतिक सामाग्री वितरण |

## १०. संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी कार्यक्रमः

| | |
|---|---|
| १ | निःशुल्क स्वास्थ्य शीविर सञ्चालन |
| २ | स्वास्थ्य बीमा कार्यक्रम वारे सुसूचित/उत्प्रेरणा गर्ने |
| ३ | बीमा कम्पनीहरूले संचालन गरेको लघुबीमा कार्यक्रम वारे सुसूचित/उत्प्रेरणा गर्ने |
| ४ | शैक्षिक सहयोग |
| ५ | वातावरण संरक्षण तथा सांस्कृतिक प्रवर्द्धन |
| ६ | वित्तीय साक्षरता कार्यक्रम |
| ७ | संस्थागत सामाजिक उत्तरदायित्व कोष कार्यविधिमा उल्लेख भएका अन्य कार्यक्रम |

# ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि.

## सातौं वार्षिक साधारण सभामा सञ्चालक समितिको तर्फबाट अध्यक्षद्वारा प्रस्तुत आर्थिक वर्ष २०७७/७८ को वार्षिक प्रतिवेदन

आदरणीय शेयरधनी महानुभावहरु,

ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लिमिटेडको सातौं वार्षिक साधारण सभामा उपस्थित हुनु भएका सम्पूर्ण शेयरधनी महानुभावहरु, विभिन्न शेयरधनी संस्थाहरुबाट पाल्नु भएका प्रतिनिधिहरु, नियमनकारी निकायबाट पाल्नु भएका प्रतिनिधिहरु एवम् आमन्त्रित सम्पूर्ण अतिथिहरुमा सञ्चालक समितिको तर्फबाट हार्दिक स्वागत तथा अभिवादन व्यक्त गर्दछु ।

विश्वव्यापी माहामारीको रुपमा फैलिरहेको कोभिड-१९ को तेश्रो लहरका कारण नेपाल सरकारले लागु गरेको स्वास्थ्य सम्बन्धी मापदण्डको पालना गर्नु पर्ने भएकोले यो साधारण सभा भर्चुअल/विद्युतीय माध्यम (Zoom) मार्फत सञ्चालन गर्न लागिएको व्यहोरा यहाँहरुलाई अवगत नै छ । यस्तो असहज परिस्थितिमा पनि साधारण सभालाई सफलता पूर्वक सम्पन्न गर्न विद्युतीय माध्यम (Zoom) मार्फत आफ्नो सहभागिता जनाउनु भएकोमा यहाँहरुप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

देशको ग्रामीण क्षेत्रका विपन्न तथा पिछडिएका वर्गमा लघु वित्तीय पहुँच पुर्‍याई उनीहरुको आर्थिक तथा सामाजिक जीवनस्तरमा सुधार गरी गरिबी न्यूनीकरणमा सहयोग पुर्‍याउने उद्देश्यले स्थापित यस संस्थाले लघुवित्त कार्यक्रम मार्फत विपन्न वर्गका घरपरिवारहरु खासगरी महिलाहरुको आर्थिक तथा सामाजिक क्षेत्रको सवलीकरणमा सहयोग गर्दै आइरहेको छ । राष्ट्रियस्तरको “घ” वर्गको यस संस्थाले हाल देशका ५७ जिल्ला र सातै प्रदेशमा लघुवित्त सेवा पुर्‍याउन सफल भएको छ । विश्वव्यापी रुपमा फैलिएको कोभिड-१९ को कारण विगत दुई वर्षदेखि आर्थिक र सामाजिक क्षेत्रमा परेको प्रतिकूल असरका कारण आ.व.२०७७/७८ यस संस्थाका लागि समेत चुनौतिपूर्ण रह्यो । तथापी संस्थाले स्वीकृत वार्षिक कार्यक्रम तथा योजना अनुसार व्यवसायमा सुधार गरी लक्ष्य हासिल गर्न अहोरात्र प्रयत्नशील रहेका कारण २०७८ असार मसान्तमा आइपुग्दा संचित नोक्सानी राफसाफ भई मर्जर पश्चात पहिलो पटक संस्थाले संचित मूनाफा आर्जन गर्न सफल भएको छ ।

सातौं वार्षिक साधारण सभाको अवसरमा संस्थाको आर्थिक वर्ष २०७७/७८ को वार्षिक वित्तीय विवरण, २०७८ असार मसान्तको वासलात, नाफा नोक्सान हिसाव, नाफा नोक्सान बाँडफाँड, नगद प्रवाह विवरण र सो उपर लेखापरीक्षकको प्रतिवेदन लगायत अन्य वित्तीय विवरणहरु स्वीकृतिका लागि साधारण सभा समक्ष पेश गर्न तथा आर्थिक वर्ष २०७८/७९ को प्रथम अर्धवार्षिक अवधिसम्म हासिल भएका प्रमुख उपलब्धी र लिइएका रणनीति तथा कार्यक्रम लगायतका विविध विषयहरु सभा समक्ष पेश गर्ने अनुमति चाहन्छु । यस साधारण सभामा संस्थाका शेयरधनी महानुभावहरुबाट प्राप्त हुने राय, सुझाव एवम् मार्गदर्शनबाट भावी लक्ष्य तथा कार्यक्रम निर्धारण गर्न सहयोग मिल्ने विश्वास लिएको छु ।

### १. विगत वर्षको कारोवारको सिंहावलोकन:

**(क) संचालन गतिविधिको समीक्षा:** संस्थाले आ.व. २०७७/७८ को असार मसान्तसम्म देशका ५७ जिल्लाका १८९ शाखा कार्यालयहरु मार्फत ३६५ स्थानीय तहमा ९,१४३ केन्द्र संचालन गरी २२१,१७६ सदस्य र १,१९,४०३ घरपरिवारमा प्रत्यक्ष लघुवित्त सेवा पुर्‍याएको छ । २०७८ असार मसान्तसम्म संस्थाको कुल लगानीमा रहिरहेको बाँकी कर्जा रु १२ अर्ब ६६ करोड ७४ लाख ८८ हजार र बचत रु ३ अर्ब ७९ करोड ८५ लाख ७९ हजार रहेको छ । गत वर्षको सोही अवधिको तुलनामा लगानीमा रहिरहेको कर्जामा २३.११ र बचतमा ६.६२ प्रतिशतले बृद्धि भएको छ ।

**(ख) वित्तीय स्थितिः**

**१) कुल आम्दानीः** आर्थिक वर्ष २०७७/७८ मा व्याज आम्दानी रु.१ अर्व ८० करोड ६७ लाख ८३ हजार, अन्य आम्दानी रु.१८ करोड ४८ लाख २ हजार, नोक्सानी व्यवस्थाबाट फिर्ता आय रु १६ करोड ९१ लाख ४९ हजार, कर्जा अपलेखन असुलीबाट रु १ लाख ४ हजार र गैर संचालन आम्दानीबाट रु.२१ लाख ८६ हजार गरी जम्मा रु.२ अर्व १६ करोड ३० लाख २४ हजार कुल आम्दानी हुन गएको छ। गत वर्षको सोही अवधिको तुलनामा कुल आम्दानी ५.०९ प्रतिशतले बृद्धि भएको छ।

**२) कुल खर्चः** आ.व. २०७७/७८ मा कर्मचारी खर्च रु ७० करोड ८३ लाख ४७ हजार, कार्यालय सञ्चालन खर्च रु. ९ करोड ८१ लाख ९ हजार, व्याज खर्च रु.५६ करोड ७२ लाख ७३ हजार र संभावित नोक्सानी व्यवस्था खर्च रु. २३ करोड ७८ लाख ९७ हजार गरी कुल खर्च रु. १ अर्व ६१ करोड १६ लाख २६ हजार हुन गएको छ। यस अवधिमा कुल खर्च गत वर्षको सोही अवधिको तुलनामा २४.७९ प्रतिशतले कमि भएको छ। यसरी कुल खर्च कम हुनुमा समीक्षा अवधिमा कर्मचारी खर्च, व्याज खर्च र सम्भावित नोक्सानी व्यवस्थामा भएको कमी लगायत रहेको व्यहोरा अवगत गराउन चाहन्छु।

**३) सम्पूर्ण कारोवार पछिको मुनाफाः** आर्थिक वर्ष २०७७/७८ मा कुल आम्दानी रु.२ अर्ब १६ करोड ३० लाख २४ हजार र कुल खर्च रु.१ अर्ब ६१ करोड १६ लाख २६ हजार भई सम्पूर्ण कारोवार समावेश पछिको खुद मुनाफा ५५ करोड १३ लाख ९८ हजार हुन गएको छ।

**४) संचित नाफा/नोक्सानः** आ.व.२०७१/७२ मा संस्था मर्जर हुँदा कुल संचित नोक्सानी रु.७६ करोड ६१ लाख १५ हजार रहेकोमा क्रमशः हरेक आ.व.मा संचित नोक्सानी कम हुँदै २०७८ असार मसान्तसम्म आइपुग्दा संचित नोक्सानी पुरा भई रु.८ करोड ८५ लाख ४ हजार सञ्चित मुनाफा कायम हुन आएको छ।

**(ग) पुँजीगत संरचनाः** संस्थाको हाल अधिकृत पुँजी रु. १ अर्ब ५० करोड र जारी तथा चुक्ता पुँजी रु.९८ करोड २५ लाख रहेको छ।

**(घ) संस्थागत सुशासनः** संस्थागत सुशासन (Corporate Governance) कायम राख्ने विषयमा सञ्चालक समिति तथा व्यवस्थापन सदैव प्रतिबद्ध रहँदै आएको छ। संस्थाले नेपाल राष्ट्र बैंकबाट जारी भएका संस्थागत सुशासन सम्बन्धी निर्देशनको पालना गर्नुका साथै संस्थागत सुशासन अभिबृद्धिका लागि आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन कर्जा निर्देशिकामा संशोधन, जोखिम व्यवस्थापन नीति लगायत विभिन्न कार्यविधि तथा निर्देशिकाहरुको तर्जुमा तथा संशोधन गरी कार्यान्वयनमा ल्याएको छ। सञ्चालन जोखिम कम गर्न सञ्चालक तथा व्यवस्थापन तहबाट विभिन्न नीति नियम तथा निर्देशिकाहरु तयार गरी लागु गरिएको छ। साथै, संस्थागत सुशासन कायम गर्न कर्मचारी तहमा दण्ड र पुरस्कारको व्यवस्थालाई कडाइका साथ कार्यान्वयनमा ल्याइएको छ। नियमनकारी निकाय र आन्तरिक तथा बाह्य लेखापरीक्षण प्रतिवेदनमा दिइएका निर्देशन तथा सुझावहरुलाई कार्यान्वयनमा ल्याई नियमित अनुगमन गर्ने व्यवस्था मिलाइएको छ।

**(ङ) लघुवित्त बीमा कार्यक्रमः** विपन्न वर्गका सदस्यहरुलाई प्रवाह गरेको लघुकर्जाको सुरक्षण र जोखिम न्यूनीकरणका लागि विभिन्न बीमा कम्पनीहरुसँग सम्झौता गरी सहकार्य गर्दै आइरहेको छ। यस कार्यक्रमलाई थप प्रभावकारी बनाई ग्राहक सदस्यहरुले लिएको ऋणको जोखिम बहन गर्न विभिन्न बीमा कम्पनीहरुसँग समन्वय गरी पशु बीमा, कृषि बीमा, स्वास्थ्य बीमा जस्ता लघुबीमा कार्यक्रमहरु सञ्चालन गरी यस्ता कार्यक्रममा सहभागी हुन सदस्यहरुलाई प्रोत्साहित गरिएको छ। यसले कर्जाको जोखिम बहन गर्नुका साथै मृतकको परिवारलाई थप आर्थिक सहयोग समेत पुगेको छ।

**(च) राजस्वमा योगदानः** आ.व. २०७६/७७ मा नेपाल सरकारलाई संस्थागत आयकर वापत रु. १३ करोड ९ लाख २१ हजार ७ सय ८८ राजश्वमा योगदान गरेकोमा आ.व. २०७७/७८ मा सो वापत रु.१६ करोड ७८ लाख ६१ हजार ९३ राजश्वमा योगदान गरेको छ ।

## २. राष्ट्रिय अन्तर्राष्ट्रिय परिस्थितिबाट संस्थालाई परेको प्रभावः

विश्वव्यापी महामारीको रूपमा फैलिएको कोभिड-१९ को संक्रमणका कारण कर्जा प्रवाह र असुली लगायत वित्तीय कारोबारमा प्रतिकूल प्रभाव पर्न गएको छ । यसको असरलाई न्यूनीकरण गर्न ग्राहक सदस्यहरूका लागि आवश्यक स्वास्थ्य सावधानी अपनाउने, मास्क/सेनिटाइजरको अनिवार्य प्रयोग गर्ने, भौतिक दुरी कायम गर्ने लगायतका स्वास्थ्य सम्बन्धी शिक्षा प्रदान गरिएको छ । ग्राहक सदस्यहरुको हितमा सञ्चालन गरिएका यस्ता कार्यक्रमहरुलाई आगामी दिनमा समेत आवश्यक्तानुसार निरन्तरता दिइनेछ। लघुवित्त संस्थाहरु बीच Multiple Financing का कारण कर्जाको गुणस्तरमा ह्रास आई जोखिम बढ्नसक्ने सम्भावना देखिएको छ । वाणिज्य बैंकहरुले प्रत्यक्ष रुपमा लघुकर्जा (विपन्न वर्ग कर्जामा गणना हुने) लगानी गर्ने रणनीति अख्तियार गरेका कारण लघुवित्त संस्थाहरूको व्यवसाय विस्तारमा वित्तीय स्रोत प्राप्तिको चुनौती थपिन गई कोषको लागतमा बृद्धि हुन गएको छ । त्यसैगरी, देशका विभिन्न स्थानमा घटेका प्राकृतिक प्रकोप (बाढी, पहिरो आदि) का कारणले कर्जा लगानी, असुली, बचत बृद्धि जस्ता कार्यक्रमहरू प्रभावित भएका छन् । यस प्रकारको जोखिमबाट वित्तीय संस्थालाई पर्ने असर कम गर्न समय अनुकूल कार्यक्रम तथा सेवा प्रवाहमा परिमार्जन तथा विविधिकरण गर्दै लगिएको छ ।

## ३. आ.व. २०७८/७९ को प्रथम अर्धवार्षिक अवधीको उपलब्धी र भावी योजना तथा रणनीतिः

**(क) वित्तीय प्रगतिको अवस्थाः** चालु प्रथम अर्धवार्षिक अवधीसम्म लगानीमा रहिरहेको कर्जा रु.१३ अर्ब ९५ करोड १९ लाख २ हजार, बचत रु. ३ अर्ब ९२ करोड ५२ लाख २७ हजार, कुल आम्दानी रु. १ अर्ब १२ करोड ३ लाख ३९ हजार ४ सय, कुल खर्च रु.८२ करोड १७ लाख २७ हजार १ सय ६० भई संचालन मूनाफा रु.२९ करोड ८६ लाख १२ हजार २ सय ४० (अपरिस्कृत) रहेको व्यहोरा शेयरधनी महानुभावहरु समक्ष अवगत गराउन चाहन्छु । गत आ.व.को सोही अवधिको तुलनामा चालु आ.व.को प्रथम अर्धवार्षिक अवधिको तथ्याङ्कलाई तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका-१

(प्रगतिको तुलनात्मक अवस्था)

(रकम रु. हजारमा)

| विवरण | आर्थिक वर्ष २०७८/७९ प्रथम अर्धवार्षिक | आर्थिक वर्ष २०७७/७८ प्रथम अर्धवार्षिक | बृद्धि/कमी | बृद्धि प्रतिशत |
|---|---|---|---|---|
| सदस्य संख्या | २२१६२० | २१९७५९ | १८६१ | ०.८५ |
| लगानीमा रही रहेको कुल कर्जा (रू.) | १३९५०१९२ | १११८९७६२ | २७६०४३० | २४.६७ |
| बचत (रू.) | ३९२५२२७ | ३७५४६१७ | १७०६१० | ४.५४ |
| आम्दानी (रू) | ११२०३३९ | ९९३०९२ | १२७२४७ | १२.८१ |
| खर्च (रू.) | ८२१७२७ | ७१२७५२ | १०८९७५ | १५.२९ |
| सञ्चालन नाफा (अपरिष्कृत) (रू) | २९८६१२ | २८०३४० | १८२७२ | ६.५२ |

**(ख) संगठनात्मक संरचना तथा जनशक्ति व्यवस्थापनः** संस्थालाई प्रतिस्पर्धी, छरितो, मितव्ययी र प्रभावकारी बनाई सञ्चालन गर्न आर्थिक वर्ष २०७७/७८ मा संगठनात्मक संरचनालाई पुर्नसंरचना गरी कार्य प्रणालीमा

सुधार गरिएको छ। संस्थालाई चुस्त दुरूस्त बनाउन र सञ्चालन लागत घटाउन तीन तहको संगठनात्मक संरचना कायम गरी कार्यान्वयनमा ल्याइएको छ। संस्थाको कार्यालय सञ्चालन खर्च कम गर्ने उद्देश्यले प्रदेश कार्यालयहरु आवश्यक जनशक्तिबाट सञ्चालन गर्ने तथा प्रदेश कार्यालयहरु रहेको भवनबाटै नजिकको शाखा कार्यालय समेत सञ्चालन हुने व्यवस्था गरिएको छ।

संस्थामा २०७८ असार मसान्तमा जम्मा ७९८ जना कर्मचारीहरु कार्यरत रहेका छन्। कार्यरत कर्मचारीहरुको वृत्ति विकास तथा रिक्त दरबन्दीको पूर्ति गर्न स्वीकृत कर्मचारी दरबन्दीमा बढुवा तथा नयाँ भर्नाको प्रक्रिया विगतका वर्षमा विभिन्न कारणले हुन नसकेकोमा आ.व.२०७८/७९ देखि नियमित रुपमा गरिनेछ। यस संस्थाको लेखा प्रणालीलाई नेपाल लेखामानको मापदण्ड (NFRS) अनुरुप बनाउन आवश्यक जनशक्तिको व्यवस्था यसै आर्थिक वर्षभित्र गरिनेछ। संस्थाको समग्र कार्यसम्पादन स्तरमा सुधार ल्याउन कार्यसम्पादन सूचकांकहरु तर्जुमा गरी सोही आधारमा कार्यसम्पादन मूल्यांकन गरिनेछ।

**(ग) सेवा विस्तार तथा विविधिकरणः** देशको सातै प्रदेशका ५७ जिल्लामा लघुवित्त सेवा प्रदान गर्ने क्रममा विपन्न वर्गका घरपरिवारहरुलाई आय आर्जन र स्वरोजगार तर्फ उत्प्रेरित गर्दै आएको छ। यस अन्तर्गत ग्राहक सदस्यहरुलाई कृषि तथा पशुपन्छीजन्य व्यवसायहरु, तरकारी खेती, फलफूल खेती, नगदेबाली, दूग्धजन्य व्यवसाय, बाख्रापालन, कुखुरापालन, बंगुरपालन, गाईभैसी पालन, मत्स्यपालन आदि लघुव्यवसायहरु तथा घरेलु उद्योग व्यापार/व्यवसाय लगायतका परियोजनाहरु सञ्चालन गर्न प्रोत्साहित गर्दै आएको छ। संस्थामा आबद्ध रहेका तथा थप भएका नयाँ सदस्यहरू समेतका लागि कर्जाका प्रोडक्टहरुमा विविधिकरण गरी नयाँ कर्जाका प्रोडक्टहरु समेत आ.व. २०७७/७८ देखि कार्यान्वयनमा ल्याइएको छ।

**(घ) जग्गाजमिनको संरक्षण र उपयोगः** संस्थाको नाममा विभिन्न जिल्लाहरुमा कुल ४ बिगाह १८ कट्ठा ५ धुर जग्गा रहेको छ। उक्त जग्गाको विस्तृत विवरण देहाय बमोजिम तालिका-२ मा प्रस्तुत गरिएको छ।

तालिका-२
(जग्गा सम्बन्धी विवरण)

| क्र.सं. | जग्गा भएको ठेगाना | | | कि.नं. | क्षेत्रफल |
|---|---|---|---|---|---|
| | जिल्ला | नं.पा./गा.पा. | वडा नं. | | |
| १ | कैलाली | धनगढी उपमहानगरपालिका | १३ | २५ | ०-१४-१५ |
| २ | कैलाली | धनगढी उपमहानगरपालिका | १३ | २६ | ०-७-५ |
| ३ | कैलाली | धनगढी उपमहानगरपालिका | १९ | ३६२ | ०-५-० |
| ४ | कैलाली | गोदावरी नगरपालिका | ५ | ३९ | १-१०-० |
| ५ | कञ्चनपुर | महाकाली नगरपालिका | ६ | ५९ | ०-२-० |
| ६ | कञ्चनपुर | महाकाली नगरपालिका | ६ | ४०८ | ०-१-० |
| ७ | बर्दिया | मधुवन नगरपालिका | ६ | ३२८ | ०-१-० |
| ८ | बाँके | कोहलपुर नगरपालिका | ११ | १३९९ | १-०-१५ |
| ९ | नवलपरासी | नवलपरासीबर्दघाट नगरपालिका | ४ | २३ | ०-२-० |
| १० | नवलपरासी | नवलपरासी बर्दघाट न.पा.(४कोठाको १ तले घर सहित) | ४ | १५६ | ०-१-१० |
| ११ | सुनसरी | गढी गाउपालिका | १ | ३७८ | ०-२-० |
| १२ | मोरङ | रतुवामाई नगरपालिका | ६ | २१७ | ०-३-० |
| १३ | मोरङ | सुन्दर हरैंचा नगरपालिका | १० | ४७२ | ०-२-० |

| | | | | | |
|---|---|---|---|---|---|
| १४ | मोरङ | उर्लाबारी नगरपालिका | ३ | १३३० | ०-३-० |
| १५ | झापा | मेचीनगर नगरपालिका | १० | ४४५ | ०-३-० |
| जम्मा | | | | | ४-१८-५ |

(ङ) **निष्कृय कर्जा असुली:** आर्थिक वर्ष २०७६/७७ मा ५.१९ प्रतिशत निष्कृय कर्जा रहेकोमा आर्थिक वर्ष २०७७/७८ मा ३.३५ प्रतिशत कायम भई कर्जाको गुणस्तरमा सुधार भएको छ। कोभिड-१९ को असहज परिस्थितिमा समेत कर्जा असुली सम्बन्धी नीतिगत व्यवस्था र कर्मचारीहरुको सक्रियताबाट निष्कृय कर्जा असुलीमा प्रगति हासिल भएको छ। निष्कृय कर्जा असुलीको लागि विभागीय प्रमुख, प्रदेश प्रमुख र शाखा प्रमुखहरुबीच भौतिक तथा Virtual/Zoom Meeting का माध्यमबाट नियमित रुपमा छलफल/गोष्ठी र शाखा कार्यालयहरुको स्थलगत अनुगमन गरी निष्कृय कर्जा असुली कार्यलाई प्रभावकारी बनाइएको छ।

(च) **सफ्टवेयर जडान तथा यान्त्रीकीकरण:** संस्थाले हाल प्रयोग गरिरहेको Software Web base प्रणाली नभई 0ff line Distributed Empower Software भएको र उक्त Software को प्रयोगबाट १२१ वटा शाखा कार्यालयहरुमा र अन्य शाखा कार्यालयहरुमा म्यानुअल रुपमा कार्य भइरहेको छ। संचालमा रहेको उक्त प्रणालीबाट संस्थाको आवश्यकता अनुसारको सूचना प्राप्त नहुने र नेपाल राष्ट्र बैंक लगायतका नियामक निकायहरुमा नियमित रुपमा गर्नु पर्ने Reporting कार्यमा समेत कठिनाई पर्न गएको छ। उक्त प्रणालीलाई प्रतिस्थापित गरी Web based मा आधारित Core Banking Software सबै कार्यालयहरुमा जडान गर्ने प्रयोजनका लागि खरिद प्रक्रिया अन्तिम चरणमा रहेको अवस्थामा सम्मानित सर्वोच्च अदालतमा मुद्दा पर्न गई मुद्दा विचाराधिन अवस्थामा रहेकाले सो मुद्दा किनारा लागे पश्चात क्रमशः Web base मा आधारित Core Banking Software कार्यान्वयनमा ल्याइनेछ।

(छ) **नेपाल सरकारसँग सहुलियतपूर्ण ऋणका लागि अनुरोध गर्ने सम्बन्धमा:** नेपालको ग्रामीण दूरदराजका विपन्न तथा पिछडिएका वर्गमा वित्तीय पहुँच पुऱ्याई उनीहरुको आर्थिक, सामाजिक क्षेत्रको सवलिकरण र राष्ट्रको गरिबी न्यूनीकरणमा यस संस्थाले विगत लामो समय देखि सहयोग पुऱ्याउँदै आइरहेको छ। नेपाल सरकार र नेपाल राष्ट्र बैंक समेतको सहभागितामा स्थापना भएको राष्ट्रियस्तरको यस लघुवित्त वित्तीय संस्थाले तिनै गरिबीको रेखामुनी रहेका लक्षित घर परिवारमा सर्वसुलभ तथा सस्तो दरमा कर्जा उपलब्ध गराउनका लागि यस साधारण सभाबाट प्रस्ताव पारित गरी नेपाल सरकार अर्थ मन्त्रालयमा सहुलियत पूर्ण ऋणका लागि प्रस्ताव पेश गरिने व्यहोरा जानकारी गराउन चाहन्छु।

## ४. कम्पनीको औद्योगिक एवम् व्यवसायिक सम्बन्ध:

संस्थाले नेपाल सरकार लगायत नियमनकारी निकायहरु कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल राष्ट्र बैंक, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लि., सिडिएस एण्ड क्लियरिङ्ग लि., जीवन तथा निर्जीवन बीमा कम्पनीहरु र विभिन्न बैक तथा वित्तीय संस्था लगायत सबै सरोकारवाला निकायहरुसँग सौहार्दपूर्ण व्यावसायिक सम्बन्ध स्थापित गर्दै आएको छ। आगामी दिनमा समेत सबै सरोकारवाला निकायहरुसँग व्यवसायिक र पारदर्शिताको आधारमा कायम रहेको सम्बन्धलाई थप सुदृढ बनाई प्रभावकारी रुपमा सहकार्य गरिने छ।

## ५. सञ्चालक समिति:

हाल संस्थामा छ सदस्यीय सञ्चालक समिति रहेको छ। सञ्चालक समितिमा नेपाल सरकार, अर्थ मन्त्रालयको तर्फबाट म धन बहादुर बरुवाल मिति २०७८/७/१७ देखि, नेपाल राष्ट्र बैंकको तर्फबाट श्री रञ्जना पण्डित पौडेल मिति २०७८/०८/२२ देखि र मिति २०७८ भाद्र ५ गते सम्पन्न भएको छैठौं वार्षिक साधारण सभाबाट संस्थापक समूहको तर्फबाट सञ्चालक समितिमा श्री लेखनाथ भुसाल तथा श्री शिवहरी दंगाल र सर्वसाधारण समूहको तर्फबाट श्री मनोज कुमार खडका र श्री भरतराज कोइराला निर्वाचित भई प्रतिनिधित्व गर्दै आउनु

भएको छ । सातौं वार्षिक साधारण सभा सम्पन्न भइरहेको यस अवसरमा संस्थाका निवर्तमान अध्यक्ष श्री चण्डी प्रसाद घिमिरे तथा निवर्तमान सञ्चालकहरु श्री सुदिप फुयाल र श्री सुशील कुमार थापाले सञ्चालक समिति तथा विभिन्न उप समितिहरुमा रही पुऱ्याउनु भएको योगदानका लागि उहाँहरु सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

## ६. विद्यमान चुनौतीहरु

संस्थाको कारोबार र व्यवसायिक क्रियाकलापमा प्रभाव पार्ने प्रमुख चुनौतीहरु देहाय बमोजिम देखिएका छन :

(क) विश्वव्यापी रुपमा फैलिएको कोरोना भाईरस (Covid-19) कारण सदस्यहरुले संचालन गरिरहेको व्यवसाय तथा परियोजनामा असर पर्न गई कर्जा लगानी र असुली कार्यमा चुनौती थपिएको छ ।

(ख) लघुवित्त संस्थाहरु बीच अस्वस्थ्य प्रतिस्पर्धा बढेको, कर्जा सूचना लिने प्रभावकारी संयन्त्रको अभावले एउटै व्यक्तिले विभिन्न लघुवित्त संस्थाबाट कर्जा लिने प्रवृत्ति बढ्न गई बहु बैंकिङ्ग (Multiple financing) को अभ्यासले गर्दा सदस्यता परित्याग दर (Dropout Rate) बढ्न गएको छ ।

(ग) स्वेच्छिक तथा अनिवार्य अवकासका कारण कर्मचारीहरुको संख्या घट्न जानु र व्यवसाय बृद्धि हुँदै जाँदा संस्थाको विद्यमान व्यवसाय संचालन गर्न र थप संभाव्य क्षेत्रमा कार्यक्रम विस्तार गर्न कठिनाई भएको छ ।

(घ) बसाईसराई, वैदेशिक रोजगारी लगायतका विभिन्न कारणबाट सदस्यहरुमा सदस्यता त्याग्ने दर र कर्जा नतिर्ने प्रवृत्ति बढ्दै गएको छ ।

(ङ) वर्तमान अवस्थामा तरलता अभावले गर्दा व्यवसाय विस्तारको लागि आवश्यक वित्तीय स्रोतको उपलब्धतामा कमी र प्राप्त स्रोतको लागतमा अत्याधिक बृद्धि हुँदै गएको छ ।

(च) नेपाल सरकार तथा नियमनकारी निकायहरुबाट हुने नीतिगत व्यवस्थाबाट संस्थामा पर्ने प्रभाव ।

माथि उल्लेखित चुनौतीहरुको सामना गरी त्यस्ता चुनौतीहरुबाट पर्न सक्ने प्रभाव र जोखिमलाई न्यूनीकरण गर्दै संस्थाका व्यवसायिक क्रियाकलापहरुलाई थप प्रभावकारी रुपमा कार्यान्वयन गर्न सञ्चालक समिति र व्यवस्थापन प्रयत्नशील रहदै आएको छ ।

## ७. लेखापरीक्षण प्रतिवेदनमा कुनै कैफियत उल्लेख भएको भए सो उपर सञ्चालक समितिको प्रतिक्रियाः

आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण प्रतिवेदनमा नियमित कारोबारमा देखिएका कैफियतहरु बाहेक कुनै गम्भिर प्रकृतिको टिप्पणी रहेको छैन । लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका कैफियतहरुका सम्बन्धमा सञ्चालक समितिमा विस्तृत छलफल गरी नीतिगत विषयहरुमा सञ्चालक समितिबाट निर्णय गर्नुपर्ने देखिएमा आवश्यक निर्णय समेत गरी कार्यान्वयन गर्न व्यवस्थापनलाई आवश्यक निर्देशन दिई सो को नियमित रुपमा अनुगमन र समीक्षा गर्ने गरिएको छ ।

## ८. लाभांश बाँडफाँड गर्न सिफारिस गरिएको रकमः

आर्थिक वर्ष २०७१/७२ अर्थात संस्था मर्जरको समयमा कायम रहेको सञ्चित नोक्सानी रु. ७६ करोड ६१ लाख १५ हजार पूर्ण रुपमा राफसाफ भई आर्थिक २०७८ साल असार मसान्तमा रु. ८ करोड ८५ लाख ४ हजार सञ्चित मुनाफा आर्जन भएको छ । यस संस्थाका वित्तीय परिसूचकहरु सकारात्मक हुँदै गएकाले आगामी दिनमा शेयरधनी सदस्यहरुलाई लगानीको उचित प्रतिफल दिन सक्ने अवस्थामा पुगेको व्यहोरा शेयरधनी महानुभावहरुलाई जानकारी गराउन चाहन्छु । यस विषयमा सञ्चालक समिति र व्यवस्थापन सदैव प्रतिबद्ध रहँदै आएको छ ।

## ९. आन्तरिक नियन्त्रण प्रणालीः

संस्थाको आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने सन्दर्भमा शाखा संचालन कार्यविधि-२०७३, कर्मचारी सेवा सर्त र सुविधा सम्बन्धी विनियमावली-२०७१, कर्जा निर्देशिका-२०७१, लघुव्यवसाय कर्जा लगानी कार्यविधि-२०७३, बचत परिचालन निर्देशिका-२०७१, कर्जा असुली कार्यविधि-२०७१,आन्तरिक लेखापरीक्षण तथा निरीक्षण निर्देशिका-२०७१, व्यवस्थापन सूचना प्रणाली नीति-२०७१, आर्थिक प्रशासन विनियमावली-२०७२,

कर्जा अपलेखन विनियमावली-२०७२, जोखिम व्यवस्थापन नीति-२०७२, निष्कृय कर्जा कार्यविधि-२०७२, ग्राहक पहिचान (KYC) सम्बन्धी कार्यविधि-२०७३, सम्पत्ति तथा दायित्व व्यवस्थापन नीति-२०७३, अनिवार्य समूह तालिम निर्देशिका-२०७३, लघु उद्यम कर्जा कार्यविधि-२०७३ लगायतका विभिन्न नीति, नियम, विनियम, कार्यविधि, निर्देशिकाहरुको तर्जुमा तथा समयानुकूल परिमार्जन गरी कार्यान्वयनमा ल्याइएको छ । आन्तरिक नियन्त्रण प्रणालीलाई थप प्रभावकारी बनाउन सञ्चालक समिति स्तरीय लेखापरीक्षण समिति, कर्मचारी सेवा सुविधा समिति, जोखिम व्यवस्थापन समिति, सम्पत्ति शुद्धिकरण तथा अनुगमन समिति, व्यवस्थापनस्तरीय सम्पत्ति दायित्व व्यवस्थापन समिति र खरिद समिति तथा आर्थिक निर्देशन समिति क्रियाशील रहेका छन् ।

## १०. लेखापरीक्षण समितिका सदस्यहरुको नामावली, निजहरुले प्राप्त गरेको पारिश्रमिक, भत्ता तथा सुविधा सो समितिले गरेको काम कारवाहीको विवरण र सो समितिले कुनै सुझाव दिएको भए सो को विवरण:

संचालक समितिको मिति २०७८/५/१७ गते बसेको १८१ औं बैठकको निर्णयबाट यस संस्थाको लेखापरीक्षण समितिमा संचालक श्री लेखनाथ भुसाल संयोजक र सञ्चालक श्री शिवहरी दंगाल सदस्य तथा आन्तरिक लेखापरीक्षण विभागका प्रमुख सदस्य सचिवका रुपमा रहनु भएको छ । लेखापरीक्षण समितिका संयोजक र सञ्चालक सदस्यलाई समितिको बैठक बसेको दिन प्रति बैठक रु. ३५००। का दरले र सदस्य सचिवलाई रु. १६००। का दरले बैठक भत्ता प्रदान गर्ने गरिएको छ । यस पूर्व संचालक समितिको मिति २०७७/०४/१९ गते बसेको १५० औं बैठकको निर्णयबाट संचालक श्री विनय रमण पौडेलको संयोजकत्वमा सदस्य श्री पासाङ्ग दोर्जे शेर्पा सम्मिलित लेखापरीक्षण समिति गठन भएको थियो । कोभिड- १९ को असहज परिस्थितिले गर्दा आर्थिक वर्ष २०७७/७८ को अवधिमा लेखापरीक्षण समितिको बैठक चार पटक बसेको छ । यस समितिले नेपाल राष्ट्र बैंकबाट जारी निर्देशनमा उल्लेखित लेखापरीक्षण समितिको काम कारवाहीको परिधी भित्र रही संस्थाको वित्तीय स्थिति, आन्तरिक नियन्त्रण प्रणाली, जोखिम व्यवस्थापन प्रणाली, विभिन्न ऐन, नियम, निर्देशन, निर्देशिका एवम् मापदण्डहरुको पालना, लेखापरीक्षण कार्यतालिका लगायतका विषयहरुमा समीक्षा गर्ने गरेको छ । समितिले आन्तरिक लेखापरीक्षण प्रतिवेदनहरु उपर नियमित रुपमा समीक्षा गरी कैफियतहरु सुधारका लागि व्यवस्थापनलाई निर्देशन दिनुका साथै संस्थागत सुधारका लागि सञ्चालक समिति समक्ष विभिन्न सुझाव पेश गर्ने गरेको छ ।

## ११. संस्थाले सम्पादन गरेका अन्य गतिविधिहरु:

**(क) कर्मचारी तालिम, वृत्ति विकास तथा उत्प्रेरणा सम्बन्धी कार्यक्रम सञ्चालन:** आर्थिक वर्ष २०७७/७८ मा अधिकृत स्तरका २४२ जना र सहायक स्तरका ३३६ जना गरी जम्मा ५७८ जना कर्मचारीहरुलाई संस्था स्वयम् र अन्य विभिन्न संस्थाहरुले आयोजना गरेका तालिम, गोष्ठी र सेमिनारमा सहभागी गराइएको छ । संस्थामा २५ वर्ष स्थायी सेवा पुरा गरेका ४६ जना कर्मचारीहरुलाई दीर्घ सेवा कदर-पत्र र पदक सहित सम्मान प्रदान गरिएको छ । यसैगरी आर्थिक वर्ष २०७८/७९ को प्रथम अर्धवार्षिक अवधिसम्म अधिकृत स्तरका २२ जना र सहायक स्तरका १२ जना गरी जम्मा ३४ जना कर्मचारीहरुलाई तालिम, गोष्ठी र सेमिनारमा सहभागी गराइएको छ । संस्थालाई उपयोगी हुने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगतमा लघुवित्तको क्षेत्रमा भएका नवीन परिवर्तनहरुको जानकारी तथा कर्मचारीहरुको दक्षता अभिबृद्धिका लागि आर्थिक वर्ष २०७८/७९ को बाँकी अवधीमा समेत सहभागी गराइने छ ।

**(ख) ग्राहक सदस्यहरुलाई तालिम, गोष्ठी, अवलोकन भ्रमण:** संस्थाको नीति नियम र लघुवित्त सेवा सम्बन्धमा ग्राहक सदस्यहरुलाई अवगत गराई उनीहरुको वास्तविक समस्या र आवश्यकताका बारेमा जानकारी लिने उद्देश्यले विभिन्न रचनात्मक कार्यहरु सम्पन्न भएका छन् । यस क्रममा आर्थिक वर्ष २०७७/७८ मा लुम्बिनी प्रदेश कार्यालय, नेपालगंज मातहत कार्यालयका १०९ जना केन्द्र प्रमुख तथा सदस्यहरुलाई निःशुल्क वित्तीय साक्षरता सम्बन्धी तालिम प्रदान गरिएको छ । सोही अवधीमा मधेश प्रदेश, कार्यालय अन्तर्गतका शाखाको एक केन्द्र र लुम्बिनी प्रदेश कार्यालय, नेपालगंज मातहतका शाखा कार्यालयका तीनवटा केन्द्रको लागि रु.६५

हजार ८० रुपैयाँ  केन्द्र व्यवस्थापन खर्च उपलब्ध गराइएको छ । यसैगरी आर्थिक वर्ष २०७८/७९ को प्रथम अर्धवार्षिक अवधीसम्म लुम्विनी प्रदेश नेपालगंज मातहतका शाखा कार्यालयका चारवटा केन्द्रको लागि रु १ लाख २ हजार २ सय ९५ रुपैयाँ केन्द्र व्यवस्थापन खर्च ग्राहक संरक्षण कोषबाट उपलब्ध गराइएको छ । यस किसिमका कार्यक्रमहरुलाई आगामी दिनमा समेत निरन्तरता प्रदान गरिनेछ ।

(ग) **ग्राहक सदस्यहरुलाई राहत वितरणः** संस्थाले अनुशासित, परिश्रमी र ईमान्दार ग्राहक सदस्यहरुलाई विभिन्न शीर्षक अन्तर्गत राहत वितरण गर्दै आएको छ । आर्थिक वर्ष २०७७/७८ मा प्रसुती खर्च बापत ३६१ जना सदस्यहरुलाई रु. ५ लाख ४१ हजार ५ सय, किरिया खर्च बापत १६२ जना सदस्यहरुलाई रु.४ लाख ८६ हजार, पुर्नस्थापना खर्च बापत २६ जना सदस्यहरुलाई रु. १ लाख २६ हजार, ग्राहक सदस्यको मृत्यु भएमा बाँकी कर्जाको क्षतिपूर्ति खर्च बापत १६ जना सदस्यका परिवारलाई रु.७ लाख ८० हजार ४ सय ३६ र औषधी उपचार खर्च बापत ११९ जना सदस्यहरुलाई रु.४ लाख ३६ हजार राहत रकम वितरण गरिएको छ । यसरी विभिन्न शीर्षकमा वितरण गरिएको कुल राहत खर्च रु.२३ लाख ६० हजार ९ सय ३६ रुपैयाँ र लाभान्वित ग्राहक सदस्य संख्या ६८४ जना रहेका छन् । उक्त राहत रकम ग्राहक संरक्षण कोष सञ्चालन कार्यविधि, २०७५ बमोजिम प्रदान गरिएको छ ।

यसैगरी २०७८ पौष मसान्तसम्म प्रसुती खर्च बापत १४४ जना सदस्यहरुलाई रु. २ लाख १६ हजार, किरिया खर्च बापत १४५ जना सदस्यहरुलाई रु.४ लाख ३५ हजार, पुर्नस्थापना खर्च बापत १७ जना सदस्यहरुलाई रु. ५६ हजार, सदस्यको मृत्यु भएकोमा निजहरुको बाँकी कर्जाको क्षतिपूर्ति खर्च बापत १७ जना सदस्यका परिवारलाई रु.७ लाख ८५ हजार २ सय ३१ र औषधी उपचार खर्च बापत ५६ जना सदस्यहरुलाई रु.२ लाख १० हजार ५ सय राहत रकम वितरण गरिएको छ । यसरी विभिन्न शीर्षकमा प्रदान गरिएको कुल राहत खर्च रु. १७ लाख २ हजार ७ सय ३१ रुपैयाँ र लाभान्वित सदस्य संख्या ३७९ जना रहेको छन् ।

(घ) **वित्तीय साक्षरता तथा ग्राहक संरक्षणः** नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार ग्राहक संरक्षण कोष (Client Protection Fund) मा जम्मा भएको रकम ऋणीहरुको सामूहिक हित हुने कार्य गर्न समस्यामा परेका ऋणीको व्यवसायको सुरक्षण एवम् पुनर्स्थापना गर्न तथा ग्राहकहरुको शिक्षा र क्षमता विकास एवम् ग्राहकहरुका सन्तानको विद्यालय स्तरको शिक्षा, स्वास्थ्य तथा पोषण सम्बन्धी कार्यक्रममा उपयोग हुने गरी मात्र खर्च गरिएको छ । यसका लागि प्रत्येक वर्ष खुद मुनाफाको एक प्रतिशत रकम ग्राहक संरक्षण कोषमा छुट्याई जम्मा गरिएको छ । उक्त कोषको सञ्चालन तथा उपयोगको लागि ग्राहक संरक्षण कोष सञ्चालन कार्यविधि-२०७५ तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ ।

(ङ) **संस्थागत सामाजिक उत्तरदायित्व कोषः** संस्थाले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत विभिन्न समयमा विभिन्न क्षेत्रमा सहयोग पुर्‍याउँदै आएको छ । यसका लागि संस्थाले संस्थागत सामाजिक उत्तरदायित्व कोष संचालन कार्यविधि,२०७५ अनुसार प्रत्येक वर्ष खुद नाफाको एक प्रतिशत रकम जम्मा गर्दै आएको छ । यस कोषमा २०७७ आषाढ मसान्तसम्म रु. १६,९१,२४२।३६ मौज्दात रहेकोमा नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम सो रकम २०७७ श्रावण मसान्तमा नेपाल सरकारले स्थापना गरेको कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोषमा जम्मा गरेको र आर्थिक वर्ष २०७६/७७ मा संस्था संचालन नोक्सानमा गएको कारणले गर्दा यस अवधिमा यस कोषबाट संस्थागत सामाजिक उत्तरदायित्व वापत गर्नु पर्ने योगदान गर्न नसकेको व्यहोरा अनुरोध छ । आ.व. २०७७/७८ को मुनाफाबाट रु.३,३७७,८४५।०१ यस कोषमा जम्मा भएको छ । उक्त कोषबाट संस्थाले शिक्षा, स्वास्थ्य, वातावरण, खेलकुद तथा समाजसँग प्रत्यक्ष सरोकार राख्ने क्षेत्रहरुमा कार्यक्रम सञ्चालन गर्दै आएकोमा आगामी दिनमा समेत सबै प्रदेशहरुलाई समेटेर त्यस्ता कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।

## १२ प्रतिबद्धताः

आदरणीय शेयरधनी महानुभावहरु,

